# त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्यानटार, धादिङ ।

## बोलपत्र सम्बन्धी कागजात

## ढ्ङगा, गिट्टी, वालुवा संकलन/निकासी/विक्री

## त्रिपुरासुन्दरी गाउँपालिकाको

मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म)

त्रिपुरासुन्दरी  गा.पा.- ०६,

सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म)

त्रिपुरासुन्दरी  गा.पा.- ०७

टारीबेसी  नाका त्रिपुरासुन्दरी  गा.पा.- ०१,

टारीबेसी अन्तर्गत दहत्तर बहत्तर राजश्व संकलन

ठेक्का सूचना नः TRM/RAJASHOW/03/2083/084

अनुसूची -२क

(दफा ४ को उपदफा ५ सँग सम्बन्धित )

नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा एवं रोडा आदि) को उत्खनन्, संकलन, विक्री तथा वितरण शुल्क बन्दोवस्ती सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड घ(६) तथा सोही ऐनको दफा ६४ को उपदफा १(च) र यस त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन एवं प्रारम्भिक बातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार आ.व. २०८३/८४ का लागि यस गाउँपालिका क्षेत्राधिकारभित्र पर्ने निम्न घाटहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा एवं रोडा आदि) को उत्खनन्, संकलन, विक्री तथा वितरण शुल्क बन्दोबस्ती ठेक्काको (शिलबन्दी बोलपत्र) माध्यामबाट गर्ने निर्णय भएकाले योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीहरूले आवस्यक कागजात सहित तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रहि गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. GA 1.1- 16701400000116 मा बोलपत्र दस्तुर रू ३०००/- (पछि फिर्ता नहुने गरी) छुट्टा छुट्टै दाखिला गरि कबोल अंकको ५% ले हुन आउने रकम गाउँपालिकाको धरौटि खाता नं. GA. 3.1 - 16701400000178 मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (विड वण्ड) संलग्न गरी शिलबन्दी बोलपत्र मिति २०८३/०६/०७ गते दिउसो १२:०० बजे भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपिसल**

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | वार्षिक न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण (घ.मी) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | TRM/RAJASHOW/03/2083/084 | मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०६, सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०७ टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.- ०१, टारीबेसी | 22,73,226.48 | 9195.90 | कबोल अंकको ५% ले हुने रकम धरौटि अनिवार्य गरिएको छ। |

**शर्तहरू :**

१. ईच्छुक फर्म वा कम्पनीहरूले शिलवन्दी बोलपत्रसाथ नविकरण भएको दर्ता ईजाजत प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, तथा आ.व.२०८१/८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ।

२. शिलबन्दी बोलपत्रको BOQ मा दररेट, अंक र अक्षर दुबैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरमा उल्लेख भएको दररेटलाई मान्यता दिईनेछ ।

३. तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका शिलबन्दी बोलपत्र सम्बन्धी कागजातहरू यस सूचना प्रकाशित भएको मितिले २२ औं दिनको ठिक २:०० बजे शिलबन्दी बोलपत्रदाता फर्म वा कम्पनीका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि शिलबन्दी बोलपत्र खोल्ने समयमा उपस्थित नभएको कारण बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. शिलबन्दी बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाण पत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत २५ प्रतिशतले हुने रकम नगद र दोस्रो, तेस्रो तथा चौथो किस्ता बापत ७५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल अषाढ मसान्त सम्म म्याद कायम गरी जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाको नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

६. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि सम्झौता भएको मितिदेखि २०८४ साल जेष्ठ मसान्त सम्म कायम रहनेछ।

७. बन्द, हड्ताल, महामारी आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन । यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछ ।

८. शिलबन्दी बोलपत्रमा कुनै त्रुटि हुन गएमा उक्त त्रुटि सुधार वा संसोधन गर्ने तथा गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रूपमा बुझाउनु पर्नेछ । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा/छुट सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

९. ठेक्काको बाँकी तीन किस्ता रकम मध्ये क्रमश: दोस्रो किस्ता (कबोल अंकको २५ प्रतिशतले हुने रकम) २०८३ पौष मसान्त भित्र, तेस्रो किस्ता (कबोल अंकको २५ प्रतिशतले हुने रकम) २०८३ चैत्र मसान्त भित्र र अन्तिम किस्ता (कबोल अंकको २५ प्रतिसतले हुने रकम) २०८४ जेष्ठ मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१०. कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र तथा माथि उल्लेखित शर्त पूरा नभएका शिलबन्दी बोलपत्रहरूलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम ठेक्का स्विकृती पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website: **: www.tripurasundarimundhading.gov.np** मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ठेक्का सम्झौता फाराम

लिखितम ........................ नाती ..................... छोरा............जिल्ला......... गाउँपालिका वडा नं.... स्थायी घर भई हाल .................. गाउँपालिका वडा नं ........ मा बसोबास गर्दै आएको श्री ......................... का सञ्चालक वर्ष .......को ............ (यस पछि प्रथम पक्ष भनिने) तथा त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय (यस पछि दोस्रो पक्ष भनिने) विच तपसिल बमोजिमको शर्तमा देहाय बमोजिमको क्षेत्रमा आ.व. २०८३/०८४ मा ठेक्का बन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति २०८३/०४/२२ को बोलपत्र नं. ................. को सूचना बमोजिम ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, संकलन तथा विक्री वितरणका लागि प्रथम पक्ष समेतबाट पेश भएको बोलपत्र मूल्यांकन गर्दा आ.व.२०८३/०८४ को लागि रु. ................../- (अक्षरेपी .......................) (मू.अ.कर र अग्रीम आयकर समेत) प्रथम पक्षसँग ठेक्का सम्झौता गर्न मिति ....................... मा यस कार्यालयवाट निर्णय भएकोले उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम देहाय बमोजिमका क्षेत्रमा त्रिपुरासुन्दरी गाउँपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको सम्झौता सम्बन्धमा देहायको शर्त तथा अधिनमा रहि ठेक्का सम्झौता गर्न प्रथम पक्ष मन्जुर भई सम्झौता गर्न उपस्थित भएको छ। तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरि दोस्रो पक्षलाई बुझाउनुपर्ने प्रथम किस्ता रकम बुझाई तथा बाकी किस्ता रकम समयमै बुझाउने गरि मिति ......... देखि मिति ......... सम्म आ.व.२०८३/०८४ को लागि ठेक्का व्यवस्थापन गर्न प्रथम पक्ष मन्जुर भएको छ।प्रथम पक्षको तर्फबाट पछि भविष्यमा मैले / हामीले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी पूर्ण होसहवासको समयमा मेरो / हाम्रो राजीखुसीले रकम चलनको कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु / छौं।

तपसिलः

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. २०८३/०८४ को लागि पहिलो किस्ता बापत ५० प्रतिशतले हुन आउन रकम रु. ................/- (अक्षरेपी .......................) आजै .......... बैंकको चेक नं. ............. मार्फत त्रिपुरासुन्दरी गाउँपालिकाको नाममा तथा बाँकी किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम रु. ................. (अक्षरेपी: श्री........बैंकबाट जारी गरिएको को (इ.स. .......... देखि ......... सम्म) मिति २०८३ असार मसान्तसम्म म्याद भएको परफरमेन्स बोण्ड (कार्यसम्पादन जमानत) पेश गरि मिति .................. सम्मको लागि प्रचलित कानूनको अधीनमा रही ढुङ्गा, गिट्टी र बालुवामा आय संकलन गर्नेछु।

(२) उक्त आय संकलन गर्नका लागि गाउँपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्रि मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्न मन्जुर छु।

(३) सो आय संकलन गर्न गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको कर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र त्रिपुरासुन्दरी गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन। अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ।

नदीजन्य पदार्थहरु उत्खनन्,संकलन र विक्री वितरण गर्ने शर्तहरुः

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट ,मात्र उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् संकलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

३. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावारणीय परीक्षण प्रतिवेदन लगायत यस सँग सम्बद्ध सम्पूर्ण नीतिगत विषयहरु यसै सम्झौताको अभिन्न अंग रहनेछन्।

४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन् ,संकलन तथा विक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुन्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइनेछैन।

५. विक्री मूल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। प्रथम पक्षले आफूखुसी संकलन केन्द तोक्न सक्नेछैन।

६. नेपाल सरकार वा त्रिपुरासुन्दरी गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै प्रथम पक्ष स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन।मू.अ.कर भने त्रिपुरासुन्दरी गाउँपालकाको कार्यालय मार्फत बुझाउनुपर्नेछ।

७. शुल्क उठाउने रसीदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

८. विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले प्रथम पक्षले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

१०. तोकिएको म्याद भित्र प्रथम पक्षले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा त्रिपुरासुन्दरी गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १० प्रतिशतका दरले ब्याज समेत प्रथम पक्षबाट गाउँपालिकाले असुल गर्नेछ ।

११. अन्य गाउँपालिका वा नगरपालिकाले विक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को विक्री शुल्क वा कुनै प्रकारको कर दस्तुर लगाउन पाइने छैन ।

१२. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१३. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा त्रिपुरासुन्दरी गाउँपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

संकलन केन्द्र राख्ने स्थान

| क्र.सं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १. | दहत्तर बहत्तर | मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०६, | |
| २. | दहत्तर बहत्तर | सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०७ | |
| ३. | दहत्तर बहत्तर | टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.- ०१, टारीबेसी | |

१४. आ.व. २०८३/०८४ को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट विक्री दर रु. ७/- (सात रुपैया) मा मू.अ.कर बापत १३ प्रतिशत थप गरी निम्न अनुसार विक्री मूल्य वा शुल्क संकलन गर्न पाइनेछ । कबोल अंकको नियमानुसार थप १३ प्रतिशत मू.अ.कर रकम समेत दोस्रो पक्षको कार्यालयमा अनिवार्य बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने आयकर तथा अन्य कर प्रथम पक्षले छुटै बुझाउनुपर्नेछ । साथै तोकीएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन गर्न पाइने छैन ।

१५. उत्खनन् संकलन तथा विक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ।

१६. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री बापत गाउँपालिकालाई बुझाउनु पर्ने विक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ।

(प्रति घन फिटमा)

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने विक्री मुल्य शुल्क | मू.अ.कर रकम (१३ प्रतिशत) | कुल जम्मा |
|---|---|---|---|
| मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म)<br>त्रिपुरासुन्दरी गा.पा.- ०६, | | | |
| सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म)<br>त्रिपुरासुन्दरी गा.पा.- ०७ | | | |
| टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.- ०१,<br>टारीबेसी | | | |

१७. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, संकलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

१८. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन।

१९. ठेक्केदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ। सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ। यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुने छैन र त्यसको क्षतिपूर्ति दिइने छैन।साथै क्षतिपूर्ति दावि गर्न समेत पाइनेछैन।

२०. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नु पर्नेछ।

२१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा प्रथम पक्ष आफैले मर्मत गर्नु पर्नेछ। सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाइने छैन।

२२. उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ। त्यस्तो क्षति हुन गएमा प्रथम पक्षले क्षतिपूर्ति व्यहोर्नुपर्नेछ।

२३. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाइने छैन।

२४. मुख्य मार्गबाट ढुङ्गा, ग्राभेल, बालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनु पर्नेछ। वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी प्रथम पक्षले आवश्यक व्यवस्थापन गर्नुपर्नेछ।

२५. उत्खनन् एवं संकलन समय अवधि विहान ६:०० बजे देखि बेलुका ६:०० बजेसम्म हुनेछ।

२६. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ।भारी उपकरणको प्रयोगका लागि प्रथम पक्षले जिल्ला अनुगमन समिति लगायतका सम्बन्धित निकायको स्वीकृत पत्र पेश गर्नुपर्नेछ।

२७. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लागेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित प्रथम पक्षले उठाउन सक्नेछ।

२८. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन।

२९. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु प्रथम पक्ष स्वयमले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा विक्री प्रवन्ध मिलाउनु पर्नेछ।

३०. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्रथम पक्षले व्यवस्था मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व समेत प्रथम पक्षको हुनेछ।

३१. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्री गर्नु पर्नेछ।

३२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>अन्य शर्तहरुः</u>

३३. प्रथम पक्षले ठेक्का व्यवस्थापन गर्दा वन, प्राकृतिक वातावरण (भुसंरक्षण तथा वातावरणीय संतुलन) लाई हानी नोक्सानी नहुने गरी तोकिएको स्थानबाट नदिजन्य पदार्थहरु उत्खनन तथा विक्रि निकासी गर्नु पर्नेछ ।

३५. नेपाल सरकार (मन्त्रालय वा विभाग), प्रदेश सरकार, प्रदेश सरकारका निकायहरु, दातृ राष्ट्र एवं संघ सस्थाहरु तथा त्रिपुरासुन्दरी गाउँपालिकाबाट सञ्चालन हुने प्राथमिकता प्राप्त राष्ट्रिय, प्रादेशिक तथा पालिका गौरवका आयोजनाहरु सञ्चालन गर्नको लागि उक्त आयोजनाहरुमा प्रयोग हुने स्थानीय निर्माण सामाग्रीहरु ढुङ्गा, वालुवा, माटो, गिट्टी, ग्रावेल) आदिमा गाउँपालिकाले निर्धारण गरे अनुसारको विक्री शुल्क गाउँपालिका स्वयं वा गाउँपालिकाको निर्णय अनुसार संकलन गर्न सकिनेछ । यसका लागि प्रथम पक्षसँग ठेक्का सम्झौता भएको घाट बाहेक अन्य संकलन स्थलहरु उपलब्ध गराई IEE प्रतिबेदनले तोकेको स्थानबाट स्वीकृत परिमाण मध्येबाट माग भएको नदिजन्य निर्माण सामाग्री उपलब्ध गराउन सकिनेछ ।

३६. पट्टा कबुलियत भै सकेपछि ठेक्काको अवधी भुक्तान नहुदै विचमा ठेक्का तोड्न वा छोड्न पाईने छैन । पट्टाको फाराममा उल्लेख भए अनुसारको कार्य विपरित हुने गरी कार्य गरेमा ठेक्का तोडीने छ तर नेपाल सरकार मन्त्रिपरिषदको निर्णय तथा नेपाल सरकारको अन्य निर्णय र मापदण्डको आधारमा त्रिपुरासुन्दरी गाउँपालिका कार्यालयको निर्णय अनुसार ठेक्का रद्ध गरेको अवस्थामा वा केही समयको लागि ठेक्का स्थगन वा विक्रि शुल्क उठाउन रोक्का राखेको अवस्थामा प्रथम पक्षले सो अवधिको हकमा एक वर्ष लाई ३६५ दिन मानि कुल ठेक्का रकमलाई भाग गर्दा आउने रकम लाई प्रतिदिन ठेक्का रकम कायम गरी रोक्का अवधिको रकम गणना गरिने छ ।

३७. बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन । यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रहि तोकिएको समययावधिमा मात्र नदी क्षेत्रबाट पदार्थ उत्खनन गर्न दिइने छ ।

३८. कर संकलनको कार्यलाई सौहादपुर्ण एंव व्यवसायिकरुपमा संचालन गर्ने दायित्व प्रथम पक्षको हुनेछ । गैरकानुनी थुनछेक, डर धाक, धम्की, अनाधिकृत उपस्थिती एंव उत्पादनमा अवरोध गर्ने जस्ता क्रियाकलापहरु लाई दुरुत्साहन गर्नु पर्ने छ । यसका लागि आवश्यकता अनुसार स्थानीय प्रशासन एंव सरोकारवाला निकायहरुको सहयोग माग्न आएमा प्रथम पक्षलाई आवश्यक सहयोग गर्नुपर्ने छ ।

३९. ग्रावेल, ढुङ्गा, गिट्टी, वालुवा आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्न नपाईने साथै वातावरण अनुकुल प्रविधि प्रविधि अपनाउनु पर्नेछ।

४०. प्रथम पक्षले IEE को प्रतिवेदन तथा त्रिपुरासुन्दरी गाउँपालिका तथा अन्य नियामक निकायको निर्देशन अनिवार्य पालना गर्नपर्नेछ।

४१. IEE प्रतिवेदनमा उल्लेखित नदीजन्य तथा खानीजन्य पदार्थ निकाल्न मिल्ने आक्षांश र देशान्तर सहितको विवरण प्रतिवेदन साथ उपलव्ध गराईनेछ। ती क्षेत्र भन्दा बाहिरबाट उत्खनन गरेको अवस्थामा नियमानुसार ठेक्का रद्द गरिनेछ।

४३. खानी तथा क्रसरको हकमा नियम संगत दर्ता भएको खानी तथा क्रसर मात्र सञ्चालन हुने भएकोले ति उद्योगहरुबाट उत्पादित निर्माण सामाग्रीमा मात्र कर लिन पाईने छ।

४४. यसमा उल्लेख भएका शर्तहरु बाहेक अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन। कुनै विवाद उत्पन्न भएमा दोस्रो पक्षले गर्ने निर्णय अन्तिम हुनेछ।

## किस्ताबन्दी :

- पहिलो किस्ता बापत (४०%) पट्टा कबुलियत भएको मितिमा बुझाउनुपर्ने रकम रु. ......
- दोस्रो किस्ता बापत (३०%) २०८३ पौष मसान्त भित्र बुझाउनुपर्ने रु. ........
- तेस्रो किस्ता बापत (३०%) २०८३ चैत्र मसान्त भित्र बुझाउनुपर्ने रु. ........
    - जम्मा रु. ....... (मू.अ.कर सहित)

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| --- | --- |
| दस्तखत ..................... | दस्तखत .................... |
| फर्मको नामः | नाम थर : वीर सिंह भण्डारी |
| प्रोपाईटर : | पद : प्रमुख प्रशासकीय अधिकृत |
| ठेगानाः | त्रिपुरासुन्दरी गाउँपालिका |
| | गाउँ कार्यपालिकाको कार्यालय, |
| फर्मको छाप | सल्यानटार धादिङ । |

[stamp]

# पट्टाको फाराम

...........गाउँपालिकाबाट श्री ............. नाती श्री .............छोरा ............ जिल्ला................गाउपालिका वडा नं ............स्थायी घर भई हाल .............. वडा नं........ मा बसोबास गर्दै आएको श्री ......................... का सञ्चालक वर्ष ..............को श्री .............. तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा आ.व.२०८३/०८४ मा ठेक्का बन्दोवस्त गर्ने गरी त्रिपुरासुन्दरी गाउँपालिकाबाट प्रकाशित गरिएको मिति २०८३/०५/१७ को बोलपत्र नं. ................ को सूचना बमोजिम ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, संकलन तथा विक्री वितरणका लागि तपाई समेतले पेश गर्नु भएको बोलपत्र मूल्यांकन गर्दा आ.व.२०८३/०८४ को लागि रु. ........ (मू.अ.कर समेत) ठेक्का कवुल गरेकोमा सोही अनुसार ठेक्का कायम हुने गरि तपाईसँग ठेक्का सम्झौता गर्न मिति ............... मा यस कार्यालयबाट भएको निर्णय अनुसार देहायका शर्त बमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र त्रिपुरासुन्दरी गाउँपालिकालाई प्रथम किस्ता बापत ४० प्रतिशतले हुन आउने रकम रु. ......../- बुझाई तथा बाँकी ६० प्रतिशत रकम रु. ...........- को कार्यसम्पादन जमानत पेश गरि मिति ......... देखि मिति ........ सम्म आ.व. २०८३/०८४ को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा बिक्रि मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नुहोला। तपाईले गरि दिनुभएको सम्झौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्रि मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ। पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस त्रिपुरासुन्दरी गाउँपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिएको छ।

**तपसिल :**

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. २०८३/०८४ को प्रथम किस्ता बापतको रु. ...../- (अक्षरेपी ................) सम्झौता अगावै बुझाई बाँकी रकम रु. ......../- (अक्षरेपी ........) को ......बैंकबाट जारी ....... को कार्यसम्पादन जमानत पेश भएकोले ...... मसान्त सम्मलाई प्रचलित कानूनको अधीनमा रही ढुङ्गा, गिट्टी र बालुवामा आय संकलन गर्ने।

(२) उक्त आय संकलन गर्नका निमित्त त्रिपुरासुन्दरी गाउँपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु। यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु।

(३) सो आय संकलन गर्न त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय संकलन गरिने छैन। यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ।

(४) अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ।

(५) साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ।

| S.N. | Location | Latitude | Longitude | L | B | Area | Depth | Quantity |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| 1. | मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म) त्रिपुरासुन्दरी गा.पा.-०६ | 27.9975 | 84.8340 | | | | | 5170.20 |
| | | | | | | | Subtotal: | 5170.20 |
| | | | | | | | | |
| 2. | सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म) त्रिपुरासुन्दरी गा.पा.-०७ | 27.9945 | 84.8641 | | | | | 1461.60 |
| | | | | | | Sub-total | | 1461.60 |
| 3. | टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.-०१, टारीबेसी | 27.9924 | 84.8251 | | | | | 2564.10 |
| | | | | | | | Subtotal: | 2564.10 |
| | | | | | | **Total Volume** | | 9195.90 |

विर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रथम पक्षको तर्फबाट</u>**

दस्तखत ....................

फर्मको नाम :

प्रोपाईटर :

ठेगानाः

फर्मको छाप

**<u>दोस्रो पक्षको तर्फबाट</u>**

दस्तखत ...................

नाम थर : वीर सिंह भण्डारी

पद : प्रमुख प्रशासकीय अधिकृत

त्रिपुरासुन्दरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

सल्यानटार धादिङ ।

राजु उप्रेती : अध्यक्ष त्रिपुरासुन्दरी गाउँपालिका

श्री देबराज धरेल : उपाध्यक्ष त्रिपुरासुन्दरी गाउँपालिका

अनुसूची ४ क

(उत्खनन कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)

(दफा ७ को उपदफा ६ सँग सम्बन्धित)

खानी वा नदीबाट ढुङ्गा, गिट्टी बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन्, ओसारपोसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयको सन्दर्भमा उत्खनन् स्थान अनुसार परिमाण नियन्त्रणको लागि दैनिक तयार गरिनुपर्ने अभिलेख

नाफा वा स्थान भएको खानी वा नदीको नामः

उत्खनन् गरिएको नाका वा स्थानको नामः

| क्र.स. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खनन् कर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमन कर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - ४ ख

दैनिक पटके बिक्रि ढुवानी अभिलेख तेरिज

( दफा ७ का उपदफा (६) सँग सम्बन्धित )

नदीजन्य तथा खानीजन्य ढङगा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन, संकलन कार्यको लागि वातावरणीय अध्ययन कायान्वयका सन्दर्भमा ढवानी क्षत्र अनसार परीमाण नियन्त्रणका लागि दनिक गरिन अभिलख तरिज

नदी वा खानीका नाम :

नाकाको नाम :

मिति :

| क.स. | ढुवानी मिति | पटके विक्रि आदेश नं | पटके विक्रि भएको परिमाण | बिक्रि भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः यो फारम उत्खनन् स्थलबाट प्रत्येक पटके बिक्रि आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा त्रिपुरासुन्दरी गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनुपर्नेछ।

अनुसूची - ५

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित )

त्रिपुरासुन्दरी गाउँपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिस्ट

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेसिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | संकलन, उत्खनन् र ढ्वानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराइको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परिमाण पालना भएको | | |
| ७ | मुख्य वस्तीदेखि मेसिन उपकरणको प्रयोग गर्ने क्षेत्रसम्म औषत दुरी पालना भएको | | |
| ८ | स्थानीय सडकदेखि मेसिन उपकरणको प्रयोग गर्ने क्षेत्रसम्म औषत दुरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटिय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनकि उत्खनन् अभिलेख | | |
| ११ | दैनिक बिक्रि ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानीमात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागु भएको | | |
| १३ | रेखाङ्कन सहितको नाप नक्सा राखिएको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५ | साइड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङग पोन्ड) को व्यवस्था गरेको | | |
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परिमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं र सूचना पार्टी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शुन्य मौज्दात सम्बन्धि व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार-पोसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मुल्यको पालना | | |

| | | | |
|---|---|---|---|
| २३ | अन्य कुने विषयहरु | | |

## अनुसूची - ६

( दफा १७ सँग सम्बन्धित )

### उत्खनन स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् संकलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयका सन्दर्भमा उत्खनन् तथा संकलन स्थलमा सार्वजनिक जानकारीको लागि राखिने सूचना पाटी

क) उत्खनन्, संकलन गरिने स्थल :

ख) उत्खनन्, संकलनको विवरण

१. नदी वा खानीको नाम :

२. ठाउँको नाम :

३. उत्खनन् गरिने परिमाण घनफिट मा :

४.. उत्खनन् कार्यमा प्रयोग हुने साधन :

५उत्खनन्.गर्ने कार्य गर्ने अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना :

६. उत्खनन् गर्ने अवधि : मिति २०.............गते बाट मिति ...............भित्र ।

( कुल उत्खनन् गर्ने अवधि कुनै गुनासो वा जानकारीको लागि त्रिपुरासुन्दरी गाउँपालिकामा सम्पर्क गर्ने ।)

अनुसूची -१

( दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

नदीको वातावरणीय अवस्थाको चेक लिस्ट

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले संकलन तथा उत्खनन् को लागि तोकिएको क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | गिट्टी, ढुङ्गा र वालुवा गेगर जस्ता पदार्थहरुको अवस्था परिवर्तन | | |
| ४ | संकलन उत्खनन् र ढुवानीको लागि नँया प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औल्याएका पहिलेको अवस्था | | |
| ७ | अधिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औल्याए अनुसारको संकलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परिमाण, चौकिल्ला रेखाङ्कन सहितको नाप नक्सा राखिएको क्षेत्रको अवस्था | | |
| १० | अन्य | | |

Letter of Acceptance [on letterhead paper of the Employer]

Date: ……………………..

To: ……………………………………Name and address of the Contractor……………...

Subject: …………………….Notification of Award

This is to notify that your Bid dated ...............................date …………………………..for execution of the……………………..name of the contract and identification number, as given in the Contract Data/SCC …………………….. for the Contract price of Nepalese Rupees [insert amount in figures and words in Nepalese Rupees], as corrected in accordance with the Instructions to Bidders is hereby accepted in accordance with the Instruction to Bidders.

You are hereby instructed to contact this office to sign the formal contract agreement within 15 days with Performance Security of NRs……………….in accordance with the Conditions of Contract, using for that purpose the Performance security Form included in Section X (Contract Forms) of this Bidding Document.

Authorized Signature: …………………………………...

# Performance Security

(On letterhead paper of the Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law )

............................ Bank's Name, and Address of Issuing Branch or Office .................................. Beneficiary: ............................................. Name and Address of Employer ……………………......

Date: .................................................

Performance Guarantee No.:…………………………………………………

We have been informed that ... ... [insert name of the Contractor] (hereinafter called "the Contractor") has been notified by you to sign the Contract No. ……………….. [insert reference number of the Contract] for the execution of ……….. [insert name of contract and brief description of Works] (hereinafter called "the Contract").

Furthermore, we understand that, according to the conditions of the Contract, a performance guarantee is required.

At the request of the Contractor, we... .......................................................... . [insert name of the Bank] hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of ...............[insert name of the currency and amount in figures*] (... ........................................................................................ .. insert amount in words) such sum being payable in Nepalese Rupees, upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Contractor is in breach of its obligation(s) under the Contract, without your needing to prove or to show grounds for your demand or the sum specified therein.

This guarantee shall expire, no later than the………………………..Day of ………………… **, and any demand for payment under it must be received by us at this office on or before that date.

…………………………………………

Seal of Bank and Signature(s)

Note:

All italicized text is for guidance on how to prepare this demand guarantee and shall be deleted from the final document.

* The Guarantor shall insert an amount representing the percentage of the Contract Price specified in the Contract in Nepalese Rupees.

** Insert the date thirty days after the date specified for the Defect Liability Period. The Employer should note that in the event of an extension of the time for completion of the Contract, the Employer would need to request an extension of this guarantee from the Guarantor. Such request must be in writing and must be made prior to the expiration date established in the guarantee. In preparing this guarantee, the Employer might consider adding the following text to the form, at the end of the penultimate paragraph: "The Guarantor agrees to a one-time extension of this guarantee for a period not to exceed [six months], in response to the Employer's written request for such extension, such request to be presented to the Guarantor before the expiry of the guarantee".

# त्रिपुरासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**सल्यानटार, धादिङ**

**वागमती प्रदेश,नेपाल**

## BOQ

त्रिपुरासुन्दरी गाउँपालिका अन्तर्गत दहत्तर बहत्तर राजश्व संकलन

न्युनतम कवोल अंकः 22,73,226.48 (भ्याट बाहेक)

| ठेक्काको विवरण: TRM/RAJASHOW/03/2083/084 | परिमाण | कबोल रकम | | कैफियत |
|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | |
| मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०६, सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०७ टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.- ०१, टारीबेसी | 9195.90 | | | |
| १३% | | | | |
| भ्याट सहित जम्मा कवोल रकम | | | | |

संलग्न कागजातहरुः

१.........................

२..........................

३............................

४...........................

५............................

निवेदकः-

दस्तखतः

नाम, थरः

फर्म वा कम्पनीको नामः

ठेगानाः

सम्पर्क नः

कम्पनीको छाँपः